## राष्ट्रिय विकास समस्या समाधान समितिको ५०औं बैठकबाट भएका निर्णयहरू

१. नौबस्ता औद्योगिक क्षेत्र, मोतिपुर औद्योगिक क्षेत्र, कृषि फारम चन्द्रडाँगी, ज्येष्ठ नागरिक भवन गोठाटार लगायतका विभिन्न सरकारी जग्गाहरूमा अव्यवस्थित बसोबासीहरूबाट अतिक्रमण भएको हुँदा अव्यवस्थित बसोबासीहरूलाई व्यवस्थापन गरी सरकारी जग्गालाई तोकिएको काममा नै उपयोग हुने व्यवस्था ३ महिनाभित्र मिलाउनेगरी भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रीको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिव (उद्योग), कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सचिव (कृषि) र गृह मन्त्रालयका सचिव सदस्य रहने समिति गठन गर्ने।

२. जग्गा प्राप्ति ऐन, २०३४ को दफा ५ को उपदफा (२) बमोजिम जग्गा प्राप्तिको प्रारम्भिक कारबाही चलाउन कम्तिमा अधिकृतस्तरको कर्मचारीलाई नेपाल सरकारले आदेश दिन सक्ने व्यवस्था रहेकोमा त्यस्तो आदेश सम्बन्धित मन्त्रालयले नै दिन सक्ने गरी आवश्यक कानुन संशोधनको लागि गृह मन्त्रालयले एक महिनाभित्र प्रस्ताव तयार गरी पेश गर्ने।

३. स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन (**EIA**) का आधारमा आयोजना निर्माण गर्ने क्रममा रुख कटानको साविकमा भएको स्वीकृत संख्यामा घटी/बढी रहेकोमा घटी हुँदा पनि पुरक **EIA** गर्नुपर्ने व्यवस्थाले गर्दा काममा ढिलाई भएकोले त्यस्तो कार्यमा सहजीकरण गर्ने गरी विद्यमान वातावरण संरक्षण ऐन तथा नियमावलीमा संशोधन गर्न वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र प्रक्रिया अघि बढाउने।

४. आयोजनाहरू निर्माणको लागि वन क्षेत्र प्रयोग गरे वापत नियमानुसार वृक्षारोपण गर्नका निमित्त निकुञ्ज र संरक्षण क्षेत्र नजिक जग्गा प्राप्त नभएमा अन्यत्र पनि वृक्षारोपण गर्न सकिने गरी वन ऐनमा संशोधन गर्ने प्रक्रिया वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र अगाडि बढाउने।

५. नेपाल सरकारले सञ्चालन गर्ने पूर्वाधार निर्माणका आयोजनाहरूमा परेको राष्ट्रिय वनक्षेत्रको जग्गाको सोधभर्ना स्वरुप वन विकास कोषमा रकम जम्मा गर्दा आयोजनाको लागत बढ्न गएकोले कटिएका रुखहरूको बदलामा बिरुवा रोप्ने र हुर्काउने बाहेक आयोजनाले प्रयोग गरेको क्षेत्रफल बराबरको जग्गा सट्टाभर्नाको लागि वन विकास कोषमा रकम जम्मा गर्ने कानुनी व्यवस्था संशोधनको लागि वन तथा वातावरण मन्त्रालयले दुई महिनाभित्र प्रस्ताव पेश गर्ने।

६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदको पुनर्संरचना नहुँदा सङ्घ र प्रदेशको कार्यक्षेत्रमा अन्यौल रहेको हुँदा नेपाल सरकारबाट स्वीकृत सङ्घ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतीकरण प्रतिवेदन बमोजिम प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् अन्तर्गतका प्राविधिक शिक्षालयहरू प्रदेश सरकारबाट सञ्चालन गर्ने गरी हस्तान्तरण गर्ने र परिषद्ले पाठ्यक्रम तथा मानदण्ड निर्धारण, अनुमति, नियमन र सीप प्रमाणीकरण लगायत कार्य गर्ने गरी आवश्यक कानुन संशोधनको प्रक्रिया शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले दुई महिनाभित्र सम्पन्न गर्ने।

७. संविधानतः आधारभूत र माध्यामिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा रहेको तर हालसम्म पनि विद्यालयका स्थायी शिक्षकहरू स्थानीय तहमा समायोजन हुन नसकेकोले विद्यालय शिक्षक दरबन्दी